# सल्लाहकार सभा सचिवालयको विज्ञप्ति

६–१–०१२

प.स. १६

कुनै बिल, विधेयक सल्लाहकार सभामा पेश भएपछि त्यस बिललाई सर्वसाधारणको सूचनाको निमित्त सल्लाहकार सभाको कार्यविधि तथा कार्य-संचालनको नियम ८७ अनुसार शीघ्रातिशीघ्र गजेटमा प्रकाशित गर्नुपर्ने हुनाले सल्लाहकार सभामा समय समयमा पेश भएका निम्नलिखित विधेयकहरुलाई उक्त नियमानुसार गजेटमा प्रकाशित गरिएको हो। यस सम्बन्धमा जनसाधारण तथा सरकारिया अड्डाहरुमा समेत केही भ्रम फैलिन गएको बुझिएकोले सूचित गरिन्छ कि सल्लाहकार सभाको सूचनाको रुपमा प्रकाशित भएका निम्नलिखित विधेयक लागू भएका छैनन्। सल्लाहकार सभाबाट पास भै लालमोहर लागी ऐन बनेपछि लागू गर्न कानूनमन्त्रालयको सूचनासाथ फेरि गजेटमा प्रकाशित गरिन्छ र ऐन बनेपछि ती ऐनहरुका एक एक प्रति सबै अड्डा अदालतमा पठाई कानूनमन्त्रालयमा बिक्रीको निमित्त पनि राखिनेछ।

| बिलको नाम | गजेटमा प्रकाशित भएको मिति |
|---|---|
| १. सहकारी समितिको बिल, २०११ | श्रावण ११ गते २०११ |
| २. अन्तःशुल्क बिल, २०११ | श्रावण १८ गते २०११ |
| ३. नागरिक अधिकार बिल, २०११ | मार्ग १४ गते २०११ |
| ४. पर्ती जग्गा प्राप्त गर्ने विधेयक, बिल २०११ | मार्ग १४ गते २०११ |
| ५. आवश्यक बस्तु संरक्षण बिल, २०११ | मार्ग २१ गते २०११ |
| ६. मुद्रा बिनिमय नियन्त्रण विधेयक, २०११ | मार्ग २८ गते २०११ |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

७. नेपाल नारी–संरक्षण विधेयक २०११ पौष ५ गते २०११

८. नेपाल विवाह बिल, २०११ माघ ११ गते २०११

९. नेपाल नहर बाँध पैन बिल, २०११ माघ १८ गते २०११

१०. सरकारको अर्थसम्बन्धी प्रस्तावहरूलाई कार्यान्वित गर्नको निमित्त बनेको विधेयक माघ १८ गते २०११

आज्ञाले—

कुलशेखर शर्मा

सेक्रेटरी—सल्लाहकारसभा सचिवालय.

## पब्लिक सर्भिस कमिशनको विज्ञापन नं. २

स्वास्थ्यमन्त्रालय—अन्तर्गत श्रीपशुपति होमियोप्याथिक डिस्पेन्सरीलाई एक-जना मेडिकल अफिसर चाहिएको छ। योग्य उमेदवारहरूले प. स. क. दरखास्त फाराम नं. १ (२०१०) मा भरी २०१२ साल आषाढ १३ गते रोज २ सम्ममा तलको ठेगानामा पुग्ने गरी दरखास्त दिनुहोला। दरखास्त फारामको नमुना प्रत्येक नेपाली हुलाक, गढी, गौंडा, गोस्वारामा पनि पाइनेछ। दरखास्तसाथ फी पठाउनुपर्दैन।

पदको विवरण यस प्रकार छः—

१. पदः—मेडिकल अफिसर डाक्टर, नन्‌गजेटेड, स्थायी तथा पेन्शन पाइने

२. आवश्यक न्यूनतम योग्यताः— होमियोप्याथिक स्टेट मेडिकल फ्याकल्टी गभर्मेन्टले मान्यता दिएको होमियोप्याथिक डिप्लोमा वा डिग्री हासिल गरेको हुनुपर्छ।

३. कामः—होमियोप्याथिक डाक्टरी।

४. मासिक तलब र भत्ताः—तलब मोरु. १००। भत्ता मोरु. १५।

खड्गमान मल्ल,

सेक्रेटरी— पब्लिक सर्भिस कमिशन,

सिंहदरबार, काठमाडौं नेपाल.

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।